# संघीय संसद

# राष्ट्रिय सभा

## संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समिति

बैठक संख्याः२५७

मिति २०८१/०४/२२

समयः बिहान ११.०० बजे

प्रारम्भ :बिहान ११:३५ बजे

अन्त्यः दिनको १:०५ बजे

**छलफल एवं निर्णयः**

समितिको आज मिति २०८१/०४/२२ गते मंगलबार बसेको बैठकमा उपभोग्य तथा अत्यावश्यक वस्तु र सेवाको आपूर्ति एवं वितरण, मूल्य नियन्त्रण, गुणस्तर, बजार अनुगमन, उपभोक्ता हक संरक्षण तथा प्रवर्द्धन लगायतका सम्बन्धमा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव श्री मधुसुदन बुर्लाकोटी, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशक श्री राजन पौडेल लगायतसंग भएको छलफल तथा मिति २०८१/०४/११ गतेको बैठकमा सम्बन्धित अभियन्ताहरुसंग भएको छलफल समेतका आधारमा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई देहाय बमोजिम निर्देशन दिने निर्णय भयोः-

- बजारमा दैनिक उपभोग्य तथा अत्यावश्यक वस्तु र सेवामा हुने गरेको मूल्यवृद्धि, कृत्रिम अभाव र कालोबजारीको समस्याले आम नागरिकहरु आक्रान्त भईरहेको सन्दर्भमा नेपालको संविधानले प्रत्याभूत गरेको मौलिक हक र कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने,
- देशभर गुणस्तरीय वस्तु तथा सेवाको सहज आपुर्तिको व्यवस्था मिलाई कृत्रिम अभाव एवं कालोबजारी रोक्ने,
- दैनिक उपभोग्य वस्तु तथा सेवाहरुको अस्वभाविक मूल्य वृद्धिमा नियन्त्रण गर्ने
- सर्वसाधारणको सहज पहुँच हुने गरी सुपथ मूल्य पसलको नियमित सञ्चालन र क्षेत्रगत दायरा विस्तार गर्ने,
- उपभोक्ता सचेतना कार्यक्रमको प्रभावकारी सञ्चालन गर्ने,
- प्रत्येक पसलमा मूल्य सूची अनिवार्य रुपमा राख्ने व्यवस्था गर्ने,
- तहगत सरकार र अन्तर मन्त्रालयबीच समन्वय र सहकार्य गर्दै नियमित रुपमा बजार अनुगमन गरी उपभोक्ता हित संरक्षण गर्ने।

२) समितिको आगामी बैठक अर्को सूचना भएपछि बस्ने गरी आजको बैठक अन्त्य भयो ।

(सीता काफ्ले वाग्ले)
समिति सचिव

(सोनाम गेल्जेन शेर्पा)
सभापति